मा.कृष्ण प्रसाद यादव
Hon. Krishna Prasad Yadav
मुख्यमन्त्री
Chief Minister

फोन नं. ०४१-५२७३०३, ५२३१३३
PH.NO.:041-527303, 523133
Website: www.ocmcm.p2.gov.np

मधेश प्रदेश सरकार
Government of Madhesh Pradesh
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
Office of the Chief Minister & Council of Ministers
जनकपुरधाम, धनुषा, नेपाल
Janakpurdham, Dhanusha, Nepal

## प्रेस विज्ञप्ति

आज मिति २०८३/०४/१४ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, जनकपुरधाममा माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा बसेको मधेश प्रदेश सरकार मन्त्रिपरिषद्‌को बैठकले प्रदेशको विद्यमान शान्ति-सुरक्षा अवस्थाको समीक्षा गरेको छ।

बैठकले पछिल्ला दिनमा प्रदेशका विभिन्न जिल्लामा देखिएका सामाजिक, आर्थिक तथा सार्वजनिक सुरक्षासँग सम्बन्धित घटनाहरूको गम्भीर समीक्षा गर्दै नागरिकको जिउधनको सुरक्षा, सार्वजनिक सम्पत्तिको संरक्षण तथा कानुनको प्रभावकारी कार्यान्वयनलाई प्रदेश सरकारले उच्च प्राथमिकतामा राख्ने निर्णय गरेको छ।

प्रदेश सरकार सुरक्षा निकाय, स्थानीय तह तथा सम्बन्धित निकायहरूसँग आवश्यक समन्वय गरी सम्भावित सुरक्षा चुनौतीहरूको समयमै पहिचान, रोकथाम तथा प्रभावकारी व्यवस्थापन गर्न प्रतिबद्ध रहेको स्पष्ट गर्दछ।

प्रदेश सरकारले शान्ति, सामाजिक सद्भाव, धार्मिक तथा सांस्कृतिक सहिष्णुता कायम गर्न सम्पूर्ण राजनीतिक दल, विभिन्न संघ-संस्था, धार्मिक गुरु, बुद्धिजीवी, शिक्षक, विद्यार्थी, नागरिक समाज, सञ्चारमाध्यम, निजी क्षेत्र तथा नागरिकसँग संयमता, जिम्मेवारी र सहयोगको भूमिका निर्वाह गर्न हार्दिक अपिल गर्दछ।

साथै, प्रदेश सरकार सञ्चारमाध्यम, सामाजिक सञ्जाल तथा अन्य माध्यमबाट कुनै पनि अपुष्ट, भ्रामक वा समाजमा द्वेष, हिंसा, त्रास वा सार्वजनिक अशान्ति फैलाउन सक्ने प्रकृतिका सूचना वा सामग्रीको सम्प्रेषण, प्रकाशन वा प्रसारण नगर्न तथा आधिकारिक निकायबाट जारी भएका सूचनालाई मात्र विश्वास गर्न सम्पूर्ण प्रदेशवासीमा हार्दिक आह्वान गर्दछ।

अन्त्यमा, मधेश प्रदेशमा भइरहेका पछिल्ला घटनाका कारण भएका घाइतेको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै, घाईतेको उपचारमा प्रदेश सरकारले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दछ। साथै प्रदेश सरकार प्रदेशमा शान्ति-सुरक्षा, सुशासन, कानुनी शासन तथा नागरिकको संवैधानिक एवं कानुनी अधिकारको संरक्षणप्रति पूर्ण रूपमा प्रतिबद्ध रहेको व्यहोरा यसै प्रेस विज्ञप्तिमार्फत हार्दिक अनुरोध गर्दछ।

(कृष्ण प्रसाद यादव)
मुख्यमन्त्री

मा. कृष्ण प्र. यादव
मुख्यमन्त्री